बैठक संख्या -३४

आज मिति २०७७/०१/३१ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

उपस्थिति

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर बहादुर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |
| तिर्थ ब. थले | सदस्य |

प्रस्तावहरु

प्रस्ताव नं. १ योजनाको म्याद थप तथा रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ विकास तर्फको योजना सम्झौता तथा स्थगित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ बेत्रावतीमा राखिएको शसस्त्र प्रहरीको खाजा सम्बन्धमा ।

प्रस्ताव नं. ४ पदाधिकारीको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. ५ कर्मचारीलाई जोखिम तथा प्रोत्साहन भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ६ कृषि तर्फको योजना सम्झौता तथा स्थगित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ पशु सेवा तर्फको कार्यक्रम गर्ने तथा स्थागित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ निर्णय पारित तथा राहत उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ९ स्वास्थ्य सेवा तर्फको कार्यक्रम संचालन तथा स्थगन गर्ने सम्बन्धमा ।

प्रस्तणव नं. १० स्थानीय भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ११ कार्यालय संचालनको लागि अति आवश्यक जिन्सी सामाग्री खरिद छपाई तथा फर्निचर फिक्सीङ गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ एक्बुलेन्स कार्यविधि संशोधन तथा रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ पुर्ण लागग्राहीमा समावेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ सवारी साधानलाई डिसइन्फेक्सन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ निकासी कर, जग्गा भाडा तथा राजस्व संकलन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १६ बजेट रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ विपतकोष बाट खर्च गर्ने सम्बन्धमा ।

निर्णयहरु

**प्रस्ताव नं. १** माथि छलफल गर्दा आ.ब ०७६/०७७ को स्वीकृत योजनाहरु मध्ये सम्झौता भई कार्यान्वयन भएका योजनाहरु तथा ठेक्का प्रकृयाबाट सुचारु भएका कामहरुको कार्यसम्पादन गर्ने म्याद देश बन्दाबन्दी (Lock Down) भएकाले समयमा काम सम्पन्न नभएको हुँदा सम्झौता भई काम

Scanned by CamScanner

सुरु भएका साथै योजनाहरुको कार्य सम्पन्न गर्ने म्याद जेष्ठ मसान्त सम्मको लागि म्याद थप गरि भुक्तानि दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा विश्वव्यापी कोभिड-१९ (कोरोना भाइरस) को कारण देशमा बन्दाबन्दी रहेकोले निर्माण सामाग्री, ज्यामि उपलब्ध नहुने तथा उक्त बन्दाबन्दी (Lock Down) पालना गर्न नेपाल सरकारबाट निर्देशन भएको हँदा सम्भौत गर्न बाकि लगत स्टमेत तयार भएका ~~यस्तो अवस्थामा स्थानिय पूर्वाधार साभेदारी कार्यक्रम (संघिय सभासद) मार्फत सञ्चालन~~ हुने कार्यक्रमहरु सम्भौता गर्ने र सम्भौता गर्ने अवधी निर्णय मितिले ७ दिन भित्र सम्भौता गर्न आएमा सम्भौता गरी कार्यान्वयन गर्ने सो भन्दा पछाडि सम्भौता गर्न आएमा सम्भौता नहुने र अन्य योजनाहरुको हकमा स्थगित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३** माथि छलफल गर्दा यस जिल्लामा धुन्चे बाट कोभिड-१९ कोरोना भाइरसको रोकथाम र नियान्त्रणको लागि बेत्रावती (जिल्ला सिमाना) मा राखिएका शसस्त्र प्रहरीको टोली लाई खाजा वापत प्रति व्याक्ति प्रति दिनको २५०।- (अक्षेरुपी दुई सय पचास) का दरले उपलब्ध गराउने साथै सवारी साधनलाई डिस्इन्फेक्सन गर्नको लागि यस गाउँपालिकाको खाल्टेमा खटिएका प्रहरी कर्मचारीलाई समेत दैनिक २५०।- (अक्षेरुपी दुई सय पचास) का दरले प्रति दिन प्रति व्यक्ति लाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्वाव नं. ४** माथि छलफल गर्दा स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को संशोधन ~~२०७६ कात्तिक~~मा राजपत्रमा प्रकाशन भएकोमा सोही ऐनमा उल्लेख भए बमोजिमको सेवा सुविधा तपशिल बमोजिम उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

तपशिल

१. स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुलाई मिति २०७६ कात्तिक देखि दोहोरो नपर्ने गरि सेवा सुविधा उपलब्ध गराउने

२. यस गाउँपालिकाको बजेट शिर्षकमा पदाधिकारी पारिश्रमिक भनी उल्लेख भएकोमा सोहि शिर्षकलाई पदाधिकारी सुविधा शिर्षक परिवर्तन गरी खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा देश बन्दाबन्दी (Lock Down) मा रहेका अवस्थामा रहेको तथा कोरोना भाइरसको रोकथाम र नियान्त्रण गर्ने सन्दर्भमा यस उत्तरगया गउँपालिकाका स्वास्थ्यकर्मि, प्रहरी कर्मचारी तथा अन्य कर्मचारीहरुले जोखिम पूर्ण कार्य गरि विहान, बेलुका, सार्वजानिक विदा र कार्यालय समयमा समेत कार्य गरेको हुँदा यस्तो कार्यमा खटिएका तपशिलका कर्मचारीहरुको उच्च मनोबल कायम गर्न प्रोत्साहन स्वरुप जोखिम भत्ता गराउने (स्वास्थ्य कर्मचारी तथा प्रहरी कर्मचारीको हकमा नेपाल सरकारबाट छुट्टै जोखिम भत्ता उपलब्ध गराएमा यो रकम कट्टा गराई बाकि रकम भुक्तानी

Scanned by CamScanner

गरिने छ, साथै सोको खर्च विपत व्यवस्थापन कोषबाट खर्च लेख्न प्र.प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

१. हेल्थ डेक्समा खटिने ३ जना स्वास्थ्यकर्मी (बेत्रावती २ जना र मैलुङ १ जना) तथा प्रहरी कर्मचारी बेत्रावती १ जना र मैलुङ १ जना लाई प्रति दिन प्रति व्यक्ति रु. १०००।- (अक्षरुपी एकहजार मात्र) करकट्टी गरी बन्दाबन्दीको समयावधी सम्म भुक्तानी दिने ।

२. प्रहरी कर्मचारी तथा स्वास्थ्यकर्मीको हकमा क्वारेन्टाइन संचालन भएको दिन र सार्वजानिक विदामा काम गरेकाहरुलाई प्रति दिन प्रति व्यक्ति रु. १०००।- (अक्षरुपी एकहजार मात्र) नियमानुसार करकट्टी गरि भुक्तानि दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा विश्वव्यापी कोभिड-१९ (कोरोना भाइरस) को कारण देशमा बन्दाबन्दी रहेकोले कृषि सामाग्री, ज्यामि उपलब्ध नहुने तथा उक्त बन्दाबन्दी (Lock Down) पालना गर्न नेपाल सरकारबाट निर्देशन भएको हँदा यस्तो अवस्थामा संचालन हुन बाकि रहेका कार्यक्रम मध्ये कृषि तर्फका अत्यावश्यक कार्यक्रमहरु खरिद सम्झौता गरि कार्यान्वयन गर्ने र अन्य कार्यक्रहरुको हकमा स्थगित गर्ने निर्णय गरियो ।

तपशिल :

१. हाइटेक प्रविधि प्लाष्टिक घर निर्माण ।

२. धान उन्नत बिउ वितरण

३. प्रस्तावनामा आधारित युवा लक्षित कार्यक्रम ।

४. व्यवसायिक फलफुल बगैचा स्थापना ।

५. स्प्रेयर, स्पीङ्कल, लुज पाइप, सिकेचर वितरण ।

६. प्लाष्टिक टनेल वितरण ।

७. साना सिचाई मर्मत संभार तथा निर्माण ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा विश्वव्यापी कोभिड-१९ (कोरोना भाइरस) को कारण देशमा बन्दाबन्दी रहेकोले पशु सेवा सामाग्री, ज्यामि उपलब्ध नहुने तथा उक्त बन्दाबन्दी (Lock Down) पालना गर्न नेपाल सरकारबाट निर्देशन भएको हुँदा यस्तो अवस्थामा कार्यक्रम संचालन हुन बाकी

Scanned by CamScanner

रहेका कार्यक्रम मध्ये तपशिलका पशु सेवा तर्फका अत्यावश्यक कार्यक्रमहरु कार्यान्वयन गर्ने र अन्य कार्यक्रमको हकमा स्थगित गर्ने निर्णय गरियो ।

तपशिल :

(क) बाखाको खोर सुधार कार्यक्रम ।

(ख) प्राविधिक किट बक्स तथा लजिस्टीक सामाग्री खरिद ।

(ग) औषधी खरिद ढुवानी तथा वितरण ।

(घ) सेवा केन्द्रमा ट्रेभिज निर्माण ।

(ङ) रोग नियन्त्रणको लागि खोप कार्यक्रम ।

(च) डालेघाास तथा भुई घाँस बेर्ना वितरण ।

(छ) प्रजननका लागि बोयर कस (उन्नत जात) को बोका वितरणमा ५० प्रतिशत अनुदान

(ज) बाखा डिपिङ कार्यक्रम

(झ) विविध

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा कोभिड-१९ कोरोना भाइरसको नियन्त्रण तथा रोकथाम गर्न गठित विपत व्यवस्थापन निर्देशन समितिको बैठक मिति २०७७/०१/२६ मा बसी गरेको निर्णयहरुलाई पारित गर्ने साथै विपन्न, असहाय, तथा श्रमिक वर्गलाई राहत वितरण गर्न यस गाउँपालिकाका सबै वडालाई प्रति वडा रु. ५,००,०००।- (अक्षरुपी पाँचलाख मात्र) का दरले रकम उपलब्ध गराउने र सो रकम बाट वडा स्तरमा तपशिल बमोजिमको अधिकतम मुल्य सम्ममा खाद्य सामाग्री खरीद गर्ने निर्णय गरियो ।

जिरा मसिनो चामल २५ के.जी ( अधिकतम १८५०।-)

दाल २ के.जी (अधिकतम प्रति के.जी १५०।-)

तेल १ लिटर (अधिकतम १७०।-)

साथै विभिन्न संघ संस्था बाट उपलब्ध गराइने खाद्य सामाग्रीहरुको हकमा वडाको आवश्यकता अनुसार सम्बन्धित वडामा उपलब्ध गराई वडाको प्रत्यक्ष निर्देशन, नियन्त्रण तथा समन्वयमा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९** माथि छलफल गर्दा विश्वभर हाल महामारिको रुपमा फैलिएको नोवेल कोरोना भाइरसका कारण नेपाल मा पनि हाल संक्रमित संख्या दिन प्रति दिन बढिरहेको र नेपाल सरकार बाट २०७६

Scanned by CamScanner

चैत्र ११ देखि मुलुक लकडाउनको अवस्थामा रहेको कारण सामाजिक दुरी कायम राखि भिडभाड नगरि गर्ने खालका स्वास्थ्यका कार्यक्रहरु नभएको कारण संधिय सरकार तथा गाउँपालिका सामान्यिकरण तर्फको हाल सम्म सम्पन्न भएका बाहेक गर्न सकिने खालका तपशिलका कार्यक्रमहरु संचालन गर्ने र अन्य कार्यक्रमहरु स्थगित गर्ने निर्णय गरियो ।

तपशिल

१. सबै करार सेवामा रहेका कर्मचारीको तलब भत्ता यथावत ।

२. मस्वासे को समिक्षा ।

३. खोप सेवाका सँग सम्बन्धित कार्यक्रमहरु ।

४. स्वास्थ्य शाखा तथा सामुदायिक स्वास्थ्य इकाईको लागि अत्यावश्यक सामाग्री खरिद ।

५. औषधि खरिद (केही स्टक कम भएका तथा फैलिन सक्ने महामारि लक्षित कार्यक्रमहरुको लागि) ।

६. न्युनतम सेवा मापदण्डका कार्यक्रमहरु ।

७. मस्वासे मासिक बैठक (रिपोर्टिङ) ।

८. स्वास्थ्य संस्था रिपोर्टिङ ।

९. राष्ट्रिय भिटामिन ए कार्यक्रम मस्वासे भत्ता

**प्रस्ताव नं. १०** माथि छलफल गर्दा आर्थिक वर्ष २०७६/०७७ को बार्षिक स्वीकृत बजेटमा स्थायी कर्मचारीले स्थानीय भत्ता वापत पाउने रकम समावेश नभएको हुँदा कर्मचारी पारिश्रमिक खर्च उपशीर्षक नं. २११११ बाट स्थानीय भत्ता खर्च संकेत उपशिर्षक नं. २११३१ मा रु. ६,२५,००१।- ( अक्षेरुपी छ लाख पच्चीस हजार एक रुपयाँ मात्र) रकमान्तर गरिएकोमा यसलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**घटाउने**

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | भुक्तानि विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ८०३२८५०११०४ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्वा बाडफाट | नगद | ६२५.००१ | |

**बढाउने**

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | भुक्तानि विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ८०३२८५०११०४ | स्थानीय भत्ता | २११३१ | आन्तरिक श्रोत | नगद | ६२५.००१ | |

Scanned by CamScanner

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्थ मान्त्रालयबाट प्राप्त निर्देशानुसार जिन्सी सामाग्री छपाई तथा फर्निचरमा मिति २०७६।१२।१९ गतेबाट खर्च गर्न नमिल्ने जानकारी प्राप्त भएता पनि कार्यालय संचालनको लागि अति आवश्यक जिन्सी सामाग्री खरिद गर्ने, छपाई तथा फर्निचर फिक्सिङ खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा दफा १२ मा एम्बुलेन्स सञ्चालनको लागि आवश्यक खर्च नहुने सबै प्रकारका जिन्सी सामानहरु उत्तरगया गाउँपालिकाको जिन्सी खातमा आम्दानी बाधिने भन्ने ठाउँमा उत्तरगया उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको जिन्सी खातामा आम्दानी बाधिने छ भन्ने हुने र अहिलेसम्म एक वटा बैठकको मात्र भत्ता दिने भन्नेमा संसोधन गरेर ३ वटा बैठक सम्मको भत्ता उपलब्ध गराउने, एम्बुलेन्स चालकलाई कोरोना भाइरसको लकडाउन अवधिभर प्रत्साहन भत्ता स्वरुप मासिक ५०००।– (अक्षेरुपी पाँचहजार मात्र) दिने साथै एम्बुलेन्सको खर्च व्यवस्थापनका लागि गाउँपालिको विपद व्यवस्थापन कोषबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चानल तथा व्यवस्थापन कोषमा रु. १,००,०००।– (अक्षेरुपी एकलाख मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०७२ को विनाशकारी भुकम्पबाट पुर्ण क्षति भई हाल सम्म पुर्ण लाभग्रहीको सूचिमा पर्न नआएकोले तपशिलमा उल्लेखित व्यक्तिहरुलाई पुर्ण लागग्रही सूचिमा समावेश गर्नको लागि सम्बन्धित निकायमा सिफरिस गर्ने निर्णय गरियो

तपशिल

| क्र.स | नाम | बुवाको नाम | स्थायी ठेगाना | नागरिता नं. | निस्सा नं. |
|---|---|---|---|---|---|
| १ | दिलबहादुर श्रेष्ठ | कृष्ण बहादुर श्रेष्ठ | उत्तरगया गाउँपालिका वडा नं. ५ | ११२ | ३१५५८९, १५२२७७७ |
| २ | नबराज भट्ट | रत्न प्रशाद भट्ट | उत्तरगया वडा नं. ५ | ३६७९/१३९ | ९८७९६३३ |

प्रस्ताव नं. १४ माथि छलफल गर्दा अन्य जिल्लाबाट यस जिल्लामा आएका सवारी साधनहरुलाई यस गाउँपालिकाको वडा नं. ५ स्थित खाल्टेमा उक्त सवारी साधनहरुलाई २४ घण्टा राखी डिसइन्फेक्सन गरी पठाउने गरिएकोमा सवारी चालक सहचालकहरु विभिन्न स्थानबाट यहाँ आउने र निजहरुले कोरोना भाइरस संक्रमण हुन सक्ने सम्भावना रहेको, डिसइन्फेक्सन गर्ने स्थान बस्ती नजिक भएकाले स्थानीय व्यक्तिलाई असर गर्ने र जिल्लालाई नै असर गर्ने सम्भावना भएको हुँदा उक्त डिसइन्फिकेसन गर्ने स्थानलाई यथाशिघ्र हटाई बेत्रावतीमा नै टनेलबाट डिसइन्फेक्सन गरि सिधै आयोजना स्थलमा पठाउन जिल्ला प्रशासन कार्यालय धुन्चे रसुवालाई अनुरोध गर्ने निर्माण गरियो ।

प्रस्ताव नं. १५ उत्तरगया गाउँपालिका वडा नं. ५ बेत्रावती स्थित हालै निर्माणाधिन उत्तरगयाधाम विकास निर्माण योजनाको निर्माण गर्दा फलाखु खोला र त्रीशुली नदीबाट ढुङ्गा उत्खनन गरी प्रयोग गरे

Scanned by CamScanner

घनफिट
वाफत प्रति घनमिटर रु. १५।– (अक्षेरुपी पन्ध्र मात्र) का दरले गाउँपालिकालाई निकासी कर लिने साथै यसै गाउँपालिका वडा नं. ५ स्थित खाल्टेमा ब्रिफ ब्लक उद्योगले सार्वजानिक स्थानमा (पालिकाको जग्गा) मा उद्योग स्थापना गरेको हुँदा मासिक २०००।– (अक्षेरुपी दुईहजार मात्र) जग्गा भाडा उपलब्ध गराउने र नियमानुसार पालिकामा दर्ता गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १६** माथि छलफल गर्दा विश्वव्यापि रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा यस कार्यालयले छुट्टै विपद व्यवस्थापन कोष खडा गरेको छ । उक्त कोषबाट कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा भएका खर्चहरु जस्तै राहत, जोखिम भत्ता, क्वारेन्टाइन उपकरण आदि विषयमा खर्च गर्ने गरि तपशिलको शिर्षकबाट तपशिलको रकम रकमान्तर गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

(क) महिला तथा बालबालिका कार्यक्रम तर्फ रु. १०,६५,०००/- (दश लाख पैसठ्ठी हजार)

(ख) कृषि कार्यक्रम तर्फ रु. ३,७५,०००/- (तीन लाख पचहत्तर हजार)

(ग) पशु कार्यक्रम तर्फ रु. ६,७५,०००/- (छ लाख पचहत्तर हजार)

(घ) आयुर्वेद सेवा तर्फ रु. १,४५,०००/- (एक लाख पैतालिस हजार)

(ङ) स्वास्थ्य सेवा तर्फ रु. ७,५२,०००/- (सात लाख बाउन्न हजार)

जम्मा ३५,८६,०००/- (पैतिस लाख छयासी हजार)

**प्रस्ताव नं. १७** माथि छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं. ५ बस्ने सीता आचार्यको मिति २०७६।१२।०२ गते आएको भिषण हावाहुरीले घर भत्केकोले गर्दा निजलाई विपत व्यववस्थापन कोषबाट पेश भएको बिल भरर्पाईको आधारमा रु. ५०,०००।– (अक्षेरुपी पचास हजार मात्र) सम्मको रकम भुक्तानि गर्न निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

(क)महिला विकास

बटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | मनोसामाजिक विमर्शकर्ता कार्यक्रम | २११११ | सामानिकरण अनुदान | २०० | |
| २ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | राष्ट्रिय दिवस तथा अभियान संचालन | २२३१९ | सामानिकरण अनुदान | १०० | |
| ३ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | जनप्रतिनिधि तथा न्यायिक समिति मेलमिलापकर्ता तालिम | २२५१२ | सामानिकरण अनुदान | १७० | |
| ४ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | अपागंता समन्वय समिति संचालन | २२५२२ | सामानिकरण अनुदान | ७० | |
| ५ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | परिचय पत्र वितरण घुम्ति शिविर | २२५२२ | सामानिकरण अनुदान | ७५ | |
| ६ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | महिला कानूनी अधिकार सम्वन्धित तालिम कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ३०० | |
| ७ | महिला बिकास तथा जेष्ठ नागरिक (८०३२८५०१३०५) | स्थानिय प्रविधिमा आधारित व्यावसायिक तालिम | २२५२२ | सामानिकरण अनुदान | १५० | |
| | | जम्मा रकम रुपैंया हजारमा | | | १०६५ | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगाय गाउँपालिका विपद व्यवस्थापन कोष-. (८०३२८५०११०६) | विविध | २२५२२ | आन्तरिक श्रोत | १०६५ | |

अक्षेरुपी : रुपैयाँ दस लाख पैसठी हजार मात्र

Scanned by CamScanner

(ख) कृषि सेवा तर्फ

घटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | मिलिटिलर मर्मत तालिम | २२४११ | सामानिकरण अनुदान | १०० | |
| २ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | कृषि सूचना प्रवाह तथा नयाँ प्रविधि प्रचार प्रसार कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ५० | |
| ३ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | खाद्यान्य बालि खेति प्रविधि तालिम | २२५२२ | सामानिकरण अनुदान | १०० | |
| ४ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | तरकारी बालि खेती प्रविधि तालिम | २२५२२ | सामानिकरण अनुदान | १०० | |
| ५ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | मकै उन्नत बिउ तिरण ५० प्रतिशत अनुदान | २२५२२ | सामानिकरण अनुदान | २२५ | |
| ६ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | मौरी पालन सम्बन्धि तालिम | २२५२२ | सामानिकरण अनुदान | १०० | |
| ७ | उत्तरगाय गाउँपालिका-कृषि (८०३२८५०१३०३) | अकबरे खुर्सानि पकेट क्षेत्र | २२५२२ | सामानिकरण अनुदान | ३०० | |
| | | जम्मा | | | ९७५ | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगाय गाउँपालिका विपद व्यवस्थापन कोष-.(८०३२८५०११०६) | विविध | २२५२२ | आन्तरिक श्रोत | ९७५ | |

अक्षेरुपी : रुपैयाँ नौ लाख पचहत्तर हजार मात्र

Scanned by CamScanner

(ग) पशु सेवा तर्फ

घटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पशु (८०३२८५०११०३) | कुखुरा पालन तालिम | २२५२२ | सामानिकरण अनुदान | १२० | |
| २ | पशु (८०३२८५०११०३) | गोठसुधानर कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ५० | |
| ३ | पशु (८०३२८५०११०३) | जुनोतिक रोगबारे सचेतना कार्यक्रम ( पशुवाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोग) | २२५२२ | सामानिकरण अनुदान | १०० | |
| | पशु (८०३२८५०११०३) | बाखा पालन तालिम | २२५२२ | सामानिकरण अनुदान | १८० | |
| ६ | पशु (८०३२८५०११०३) | मासु पसल सुधार कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | १०० | |
| ७ | पशु (८०३२८५०११०३) | सेवा तथा सम्पर्क केन्द्रमा फर्निचर व्यवस्थापन | ३११२३ | सामानिकरण अनुदान | १०० | |
| | | जम्मा | | | ६५० | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँ गाउँपालिका विपद व्यवस्थापन कोष ( ८०३२८५०११०६) | विविध | २२५२२ | आन्तरिक श्रोत | ६५० | |

अक्षेरुपी : रुपैयाँ छ लाख पचास हजारमात्र

Scanned by CamScanner

(घ) आयुर्वेद सेवा तर्फ

घटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगया गाउँपालिका -स्वास्थ्य (८०३२८५०१३०२) | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ६३ | |
| २ | उत्तरगया गाउँपालिका -स्वास्थ्य (८०३२८५०१३०२) | स्तनपाई आमालाई मातृशिशु सुरक्षा दुध बर्दक जडिबुटी जन्य औषधि वितरण कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | ८२ | |
| | | जम्मा | | | १४५ | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँ गाउँपालिका –विपद व्यवस्थापन कोष (८०३२८५०११०६) | विविध | २२५२२ | आन्तरि श्रोत | १४५ | |

अक्षेरुपी रुपैयाँ एक लाख पैचालीस हजार मात्र

Scanned by CamScanner

(ङ) स्वास्थ्य सेवा तर्फ

घटाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँ गाउँपालका-स्वास्थ्य (८०३२८५०१३०२) | गर्भवती प्रोत्साहन गर्न पोषण युक्त सामाग्री तथा सरसफाई सामाग्री वितरण | २२५२२ | सामानिकरण अनुदान | १७२ | |
| २ | उत्तरगयाँ गाउँपालका-स्वास्थ्य (८०३२८५०१३०२) | मेडिकल मोबाइल कार्यक्रम | २२५२२ | सामानिकरण अनुदान | १३० | |
| ३ | उत्तरगयाँ गाउँपालका-स्वास्थ्य (८०३२८५०१३०२) | महिला स्वास्थ्य स्वयं सेविका अवलोकन भ्रमण | २२५२९ | सामानिकरण अनुदान | ४५० | |
| | | जम्मा | | | ७५२ | |

बढाउने

| सि.न | बजेट उपशिर्षक | कार्यक्रमको नाम | खर्च उपशिर्षक | स्रोत समुह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्तरगयाँ गाउँपालिका-विपद व्यवस्थापन कोष (८०३२८५०११०६) | विविध | २२५२२ | आन्तरिक श्रोत | ७५२ | |

अक्षेरुपी रुपैयाँ सात लाख बाउन्न हजार मात्र

Scanned by CamScanner